नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं
फोन नं. : ०१-५३१५२६१

प.सं. :०८३।८४
च.नं. :९८

मिति बि.स. २०८३/०५/१७
ने.स. ११४६ गुलागा पञ्चमी-२०, बुधबार

## कार्बन लाभ प्राप्तिका लागि लक्षित समूहले लगानी योजना/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !

नेपाल सरकारले विश्व बैंक/वन कार्बन साझेदारी सहयोग (Forest Carbon Partnership Facility-FCPF) सँग सन् २०२१ मा तराई भू-परिधिका १३ जिल्ला (रौतहटदेखि कन्चनपुरसम्म) बाट नतिजामा आधारित रेड प्लस कार्यक्रम कार्यान्वयन गरी प्रथम चरण (सन् २०१८-२०२१ डिसेम्बरसम्म)मा १८ लाख ८८ हजार टन कार्बन उत्सर्जन कटौती गरी नेपाल सरकारले ने.रु. १ अर्ब ३४ करोडको कार्बन लाभ प्राप्त गरेको छ । नेपाल सरकारले उक्त कार्यक्रम कार्यान्वयनका लागि विश्व बैंकसँग भएको कार्बन उत्सर्जन भुक्तानी सम्झौता (Emission Reduction Payment Agreement-ERPA) अनुसार लाभ वितरण योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । स्वीकृत लाभ वितरण योजना अनुसार चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रममा उल्लिखित विपन्न, सिमान्तकृत, गरिबी न्यूनीकरण कार्यक्रम र सामुदायिक, साझेदारी, कबुलियती, मध्यवर्ती वनका कार्य योजना कार्यान्वयनमा सहयोग क्रियाकलापहरू कार्यान्वयनका लागि माथि उल्लिखित तराई भू-परिधिका FCPF ER कार्यक्रम लागु भएका १३ जिल्लाहरूका देहाय अनुसारको लक्षित समूहले लाभ वितरण योजनामा उल्लिखित लगानी योजना (Investment Plan)/प्रस्ताव सहित यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र सम्बन्धित डिभिजन वन कार्यालय वा राष्ट्रिय निकुञ्ज कार्यालय वा सोझै रेड कार्यान्वयन केन्द्र, बबरमहलमा पेश गर्नु हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

**१.** तराई भू-परिधिका FCPF ER कार्यक्रम लागु भएका १३ जिल्लाहरूका विपन्न, सिमान्तकृत, गरिबी न्यूनीकरण कार्यक्रम कार्यान्वयनका लागि लक्षित समूह (गरिबमुखी कबुलियती वन समूहहरू, स्थानीय तह वा प्रदेश सरकारले तय गरेका अन्य गरिबमुखी कार्यक्रममा पहिचान भएका गरिब- महिला, दलित, आदिवासी जनजाति, मधेशी, अल्पसंख्यक सिमान्तकृत समूह सामुदायिक वा साझेदारी वन समूहले सामाजिक सम्पन्नता स्तरीकरण गरी पहिचान गरी गठन भएका समूह);

**२.** प्रकृतिमा आधारित रेशा तथा वनजन्य उद्यम विकास, कृषि वन तथा नगदे बाली विकास, रैथाने जातको बाख्रा पालन, परम्परागत शिप तथा आयमूलक तालिम, र लाभ वितरण योजना उल्लिखित नकारात्मक सूची बाहेकका क्रियाकलाप वन तथा वातावरण संरक्षणका क्रियाकलाप, दिगो वन व्यवस्थापनका क्रियाकलाप;

**३.** लगानी योजना/प्रस्तावको अधिकतम बजेट सिमा रू. १०,००,०००/- (दश लाख) सम्म;

**४.** लगानी योजना तथा प्रस्ताव पेश गर्दा संलग्न गर्नु पर्ने विवरणः

(क) समूहको कार्यकारिणी समिति वा साधारण सभाको निर्णयको प्रतिलिपि;
(ख) अध्यक्ष, सचिव र कोषाध्यक्षले संयुक्त हस्ताक्षर गरेको अनुमानित लागत सहितको लगानी योजना;
(ग) खाता सञ्चालन रहेको बैंकको चेकको छायाँप्रति;
(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस;
(ङ) स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि;
(च) स्थायी लेखा नम्बर नभएको हकमा नजिकैको सामुदायिक वन समूह वा साझेदारी वन समूहको सिफारिस
(छ) डिभिजन वन कार्यालयस्थित रेड सेल/फोकल पर्सनको सिफारिस पत्र
(ज) सामुदायिक वा साझेदारी वन समूहको उपसमूह भए सम्बन्धित सामुदायिक वन समूह वा साझेदारी वन समूहको सिफारिस

**५.** प्रस्ताव पेश गर्ने ठेगानाः

सम्बन्धित डिभिजन वन कार्यालय वा राष्ट्रिय निकुञ्ज कार्यालय वा सोझै रेड कार्यान्वयन केन्द्रको इमेल reddicnp@gmail.com मा सूचना अधिकारीको फोन/WhatsApp नम्बर ९८४९०१०३५८

**नोटः** लगानी योजनाको फारम रेड कार्यान्वयन केन्द्रको वेबसाइट (https://www.redd.gov.np )बाट डाउनलोड गर्न वा राष्ट्रिय निकुञ्ज कार्यालय/सम्बन्धित डिभिजन वन कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

माननीय मन्त्रीस्तरको मिति २०८३/०५/०८ स्वीकृत BSP OP को अनुसूची-१ सँग सम्बन्धित)

## तराई भू-परिधिका १३ जिल्लामा कार्बन लाभ वितरणका लागि तयार गरिने लगानी योजनाको ढाँचा

नेपाल सरकार
वन तथा पर्यावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं, नेपाल

श्री डिभिजन वन कार्यालय, .........../राष्ट्रिय निकुन्ज कार्यालय, ........../रेड कार्यान्वयन केन्द्र, काठमाण्डौ ।

प्रस्तुत विषयमा उत्सर्जन न्यूनीकरण लाभ वापतको भुक्तानी प्राप्त गर्न देहायको फाराममा उल्लेखित विवरण सहित लगानी योजनाका लागि प्रस्ताव पठाइएको व्यहोरा अनुरोध छ ।

१. वनको जम्मा क्षेत्रफलः .......... हेक्टर,

२. उपभोक्ता घरधुरी संख्या .......... घरधुरी

| क.सं. | आदिवासी जनजाति | दलित | मधेशी | मुस्लिम | ...... | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

३. लगानी योजनाको नाम र कार्यस्थलको ठेगाना ..........................................................................

४. प्रस्तावको विस्तृत विवरण (वन कार्ययोजनामा उक्त कृयाकलाप उल्लेख भएको पानाको फोटोकपि उपभोक्ता समितिबाट प्रमाणित गराई संलग्न गर्नुहोस)

| सिनं. | कृयाकलाप विवरण | लाभान्वित परिवार संख्या | अनुमानित लागत (रू) |
|---|---|---|---|
| (१) | | | |
| (२) | | | |
| (३) | | | |
| (४) | | | |

नोटः प्रकृतिमा आधारित रेशा तथा वनजन्य उद्यम विकास, कृषि वन तथा नगदे बाली विकास, रैथाने जातको बाख्रा पालन, परम्परागत शिप तथा आयमुलक तालिम, र लाभ वितरण योजना उल्लिखित नकारात्मक सूची बाहेकका क्रियाकलाप वन तथा वातावरण संरक्षणका क्रियाकलाप, दिगो वन व्यवस्थापका क्रियाकलाप समूहको निर्णय अनुसार समूहको सम्पन्नता स्तरीकरण प्रतिवेदनले पहिचान गरेका अति सिमान्तकृत घरधुरीहरू लाभ हुने गरी लक्षित कार्यक्रम प्रस्ताव तथा कार्यान्वयन गर्नु पर्दछ । लगानी योजनाबाट लाभान्वित हुने आदिवासी जनजाति, मधेशी, मुस्लिम र दलित घरधुरीहरूको संख्या उल्लेख गर्नुहोस।

नेपाल सरकार
वन तथा पर्यावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं, नेपाल

५. अन्य निकाय (स्थानीय तह लगायत) को लागत सहभागिता हुने भएमा सोको विवरण उल्लेख गर्नुहोस।

६. प्रस्तावित कृयाकलाप कार्यान्वयन गर्दा स्थानीय वन, वातावरण तथा समाजमा प्रतिकूल प्रभाव पर्न सक्ने जोखिम छ वा छैन ? यदि छ भने, जोखिम न्यूनीकरणका उपाय उल्लेख गर्नुहोस ।

माथि उल्लिखित कार्यक्रमहरू स्वीकृत कार्ययोजना र नेपाल सरकारबाट स्वीकृत लाभ बाँडफाँट योजनाको वर्खिलाप नभएको व्यहोरा प्रमाणित गरिन्छ । समूह भित्रका सिमान्कृत घरधुरी, आदिवासी जनजाती, दलित तथा महिलाहरूसँग तथा बाहिरका सम्बन्धित निकायहरू (प्रथाजनित अभ्यास भएका संस्था तथा समुदायमा आधारित समूह जस्तै आमा समूह, युवा क्लव) सँग छलफल गरी यो लगानी योजना तयार गरिएको छ । हामी वन उपभोक्ता समूहहरूलाई उत्सर्जन न्यूनीकरण कार्यक्रम र प्राप्त गर्ने लाभ प्रतिशत वारे पूर्ण जानकारी छ, समूहले प्राप्त गरेको लाभ समूह भित्रका अति सिमान्तकृत घरधुरीहरूसँग समेत छलफल गरी लाभ बाँडफाँट योजनाको प्रावधान अनुसार सिमान्तकृत घरधुरीहरुलाई उपलब्ध हुने गरी जिम्मेवारीपूर्वक लाभांश वितरण गर्ने छौं भनी यो लिखित सहमती जनाएका छौं। दुरुपयोग भएमा हामी जिम्मेवार भई भनी कानून बमोजिम सहुँला बुझाउँला भनी यो लिखित सहमति गरेका छौं |

| | | |
|---|---|---|
| अध्यक्षको दस्तखत : | सचिवको दस्तखत : | कोषाध्यक्षको दस्तखत : |
| नाम थर : ...................... | नाम थर : ...................... | नाम थर : .............................. |
| फोन नं. | फोन नं. | फोन नं. |
| मिति : | मिति : | मिति : |